नि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २१२ २०७७ साल चैत ११ गते बुधबार (24 Mar. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बावु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथाको उचाइसँगै ... ३ पृष्ठमा : दुई लाख ५० हजार ... ३ पृष्ठमा :इजरायलमा दुई वर्षभित्र ...

# चेक बाउन्स मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

बैकिङ कसुर (चेक बाउन्स) मुद्दामा जरिवाना र कैद सजाय फैसला भए लगत्तै फरार भएका एक अभियुक्तलाई प्रहरीले सोमबार साँझ पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको अग्नीसाईर कृष्णसबरण गाउँपालिका वडा नं. ५ निवासी ३३ वर्षिय प्रशान्त कुमार चौधरी छन् ।

उच्च अदालत बिराटनगर मोरङ संयुक्त वाणिज्य ईजलासको बैकिङ कसूर (चेक बाउन्स) मुद्दामा २०७७ साल पुस १३ गते चौधरीलाई ६० लाख ७५ हजार जरिवाना र १४ दिन कैद सजाय फैसला सुनाएको थियो ।

गोप्य सुचनाको आधारमा प्रहरी टोलीले चौधरीलाई घरबाटै पक्राउ गरी मंगलबार अदालतमा उपस्थित गराएर कैद र जरिवाना भुक्तानका लागी राजविराज कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



प्रहरीका अनुसार फैसला कार्यान्वयन अन्तर्गत फरार रहेका प्रतिवादीहरुलाई खोजतलास गर्दै पक्राउ गर्ने अभियान अन्तर्गत उनलाई पक्राउ गर्न सफल भएको हो ।

# भारतीय बजारबाट लागुऔषध बोकेर आउँदै गरेका यूवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

प्रतिबन्धित लागुऔषधसहित सशस्त्र प्रहरीले मंगलबार दिउँसो एक यूवकलाई पक्राउ गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ स्थित वेल्ही बोर्डर क्षेत्रबाट प्रहरीले लागुऔषधसहित जिल्लाको कंचनरुप नगरपालिका ११ बस्ने २२ वर्षिय राजु सरदारलाई पक्राउ गरेको हो ।

भारतीय बजार कुनौलीबाट दिउँसो ३ बजेतिर पैदल आइरहेका सरदारमाथी शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ३५/३५ थानको दरले फेनारगन, डाइजेपाम र लिजेसिक लगायतका लागुऔषध बरामद गरिएको सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

सशस्त्र प्रहरी बल बोर्ड आउटपोष्ट खाँडोका प्रहरी सहायक निरिक्षक रामनारायण महतोको कमान्डमा खटिएको टोलीद्वारा पक्राउ परेका सरदारलाई लागुऔषध नियन्त्रण



ऐन अन्तरगत कारवाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजले जनाएको छ ।

# मोबाइल पड्किँदा किशोरीको मृत्यु

डोटी, १० चैत (रासस) ।

चार्जमा लगाएर फिल्म हेर्ने क्रममा मोबाइल पड्किँदा अछाममा एक किशोरीको मृत्यु भएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# दुई मोटरसाइकल ठोकिदा दुईको मृत्यु, तीन जना घाइते

**दैनिक समाचारदाता**
**सिरहा, १० चैत ।**

सिरहाको नरहा गाउँपालिका २ पानबारीमा तिब्रगतिमा रहेको दुई मोटरसाइकल एकआपसमा ठोकिदा दुई जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् ।

स.६प. ९१५१ र स.८प. २२५० नम्बरको मोटरसाइकल एकआपमा ठोकिदा सोमबार राति सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा स.६प. ९१५१ नम्बरको मोटरसाइकल चालक विष्णुपुर गाउँपालिका ४ का २८ वर्षीय दीपु पासवान र स.८प. २२५० नम्बरको मोटरसाइकलमा सवार गोलबजार बस्ने २५ वर्षीय गुरुदेव महतोको दुर्घटनामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुलाई उपचारका लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घाइते भएका स.६प. ९१५१ नम्बरको मोटरसाइकलमा सवार दुई जनाको विराट नर्सिङ होम र स.८प. २२५० नम्बरको मोटरसाइकल सवार एक जनाको लहान नर्सिङ होममा उपचार भइरहेको छ ।

# ब्राउनसुगरसहित दुई सप्तरी र चार उदयपुरका युवा पक्राउ

**दैनिक समाचारदाता**
**उदयपुर, १० चैत ।**

सप्तरीको फत्तेपुरबाट बेल्टारतर्फ जाँदै गरेको दुईवटा अटोबाट प्रहरीले ब्राउन सुगरसहित ६ जना यूवकलाई पक्राउ गरेको छ ।

उदयपुर जिल्लाको चौदण्डी नगरपालिका ४ फत्तेपुर रामपुर सडकखण्डको नमूना चोकबाट प्रहरीले ब्राउन सुगरसहित ६ युवालाई सोमबार साँझ पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका ७ का २५ वर्षीय ऋषिकुमार क्षेत्री र २० वर्षीय बब्लु मुखिया, उदयपुरको त्रियुगा नगरपालिका १३ का ३० वर्षीय खगेन्द्र राई, २४ वर्षीय दीपक राई, २४ वर्षीय हरि खड्का र चौदण्डीगढी नगरपालिका ५ का २३ वर्षीय सुनिल राई रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

अटोलाई रोकेर जाँच गर्दा लागुऔषध ब्राउन सुगर फेला परेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी प्रमुख भीमप्रसाद दाहालले जानकारी दिएका छन् ।

उनीहरुको साथबाट ३.९ ग्राम ब्राउनसुगर, सात बोतल कोरेक्स तथा केही गाँजा बरामद भएको प्रहरी कार्यलय उदयपुरले जानकारी दिएको छ । यता पक्राउ परेका ६ जनालाई इलाका प्रहरी कार्यालय बेल्टारमा राखेर अनुसन्धान शुरु गरिएको प्रहरीले बताएको छ ।



## सम्पादकीय

# लागुऔषध दुरव्यसनी बढ्दै

सप्तरी अहिले लागुऔषध प्रयोगकर्ता र बिक्रिकर्ताको केन्द्रबिन्दु बनेको छ। दिनहुँजसो यस जिल्लाबाट यूवकहरु लागुऔषधसहित पक्राउ पर्ने गरेका छन्। खुल्ला सीमानाकाका कारण छिमेकी मुलुक भारतीय बजारमा गएर उनीहरु लागुऔषध सेवन गरि फर्किने गरेका छन् भने कतिपय यूवकले त लागुऔषध बोकेरै नेपालतर्फ आउने गरेका छन्। कलिला उमेरका हजारौं यूवकहरु लागु पदार्थ दुरव्यसनीमा फसेका छन्। यती मात्र नभएर उनीहरुलाई प्रयोग गरेर लागुऔषध कारोबारीहरुले भारतीय बजारबाट लागुपदार्थ खरीद गर्न उत्साहित समेत गरेको पाइएको छ।

यसरी सीमानाकाबाट सप्तरीका मात्र नभएर छिमेकी जिल्ला उदयपुर, सुनसरी, मोरङ तथा पहाडी जिल्लाका यूवकहरु पनि सप्तरी नाकाबाट लागुपदार्थ ओसार पोसार गर्ने कार्यमा संलग्न रहेको प्रहरी तथ्याङ्कले देखाएको छ। यता सुरक्षाकर्मीहरुले लागु पदार्थ सेवनकर्ता तथा त्यसमा लागेका कारोबारीहरुलाई पक्राउ गर्ने कार्यलाई तदारुकताका साथ लागिपरेका छन्। तर पनि लागु पदार्थ दुरव्यसनीहरुमा कमी आउन सकेको छैन्।

अभिभावकहरुले आफ्ना बालबालिकाप्रति ध्यान नदिनु, त्यसको नकारात्मक असर बारे सचेत नगराउनु लगायतका कार्यप्रति गम्भिर नहुनुले कलिला उमेरमै उनीहरु दुर्व्यसनीतर्फ आकर्षित हुदै गएका छन्। प्रहरीले समय समयमा विभिन्न विद्यालय तथा जनस्तरमै गएर यसप्रति सचेतना कार्यक्रम चलाएपनि दुरव्यसनीमा कमी आएको देखिन्न्। तसर्थ यस्ता बिृकतीलाई न्यूनिकरणका लागि सबै मानिसहरुले आ-आफ्नो तर्फ गम्भिर भई आवश्यक कदम चाल्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सगरमाथाको उचाइसँगै बढेको कार्कीको चर्चा

गलकोट, १० चैत (रासस)।

विसं २०७६ जेठको पहिलो साता सरकारले सगरमाथाको उचाइ नाप्न नापी विभागको प्राविधिक टोली सगरमाथा पठाएको थियो। एक वर्षको तयारी र तालीमपश्चात् सरकारी प्राविधिक टोली सगरमाथा पुगेका थिए।

सगरमाथा मापन गरी सङ्कलन गरेको तथ्याङ्कका आधारमा सगरमाथाको उचाइ पनि केही थपिएको छ। यसअघि आठ हजार ८४८ मिटर रहेको सगरमाथाको उचाइ ०.८६ मिटर थप भएर आठ हजार ८४८.८६ मिटर भएको घोषणा नेपाल सरकारले गरिसकेको छ। नेपाल र चीन सरकारद्वारा संयुक्तरूपमा २०७७ मङ्सिर २३ गते नयाँ उचाइ सार्वजनिक भएको हो। सगरमाथाको उचाइ सार्वजनिक भएसँगै एकाएक सगरमाथा मापनमा सहभागी नेपाली प्राविधिक टोली पनि चर्चाको शिखरमा पुगेका पाइएको छ।

नयाँ उचाइ सार्वजनिक गरेलगत्तै सगरमाथाको उचाइ मापन गर्नेको खोजी हुन थाल्यो। सगरमाथाको चुचुरोमै पुग्ने नापी विभागका खिमलाल गौतम र रविन कार्कीको नाम एकाएक चर्चामा आयो। सगरमाथा आरोहण गर्नु आफैंमा चुनौतीपूर्ण विषय हो। चुनौतीको पहाड विश्वको उच्च शिखर सगरमाथा आरोहण गर्न सानोतिनो हिम्मतले पुग्दैन जसका लागि दृढ सङ्कल्प र आत्मबल आवश्यक पर्दछ। सगरमाथा शिखर चुम्ने कति आरोहीका इच्छा सगरमाथाको चुचुरोसम्म नै पुग्न सक्दैनन्। कोही अरोही सगरमाथा चढेको खुशियालीसमेत साट्न नपाएका दुःखद खबर पनि हामीले सुन्दै आएका छौँ। जीवन र मरणको दोसाँधमा रहेर सगरमाथा आरोहण गर्ने र देशको झण्डा फहराउने इच्छा त धेरैको हुन्छ, तर सबैको यो इच्छा पूरा भने नहुन सक्छ।

नेपाल सरकारले रबिन कार्कीसहितको प्राविधिक समूहलाई सगरमाथा आरोहणमात्र होइन मापनको जिम्मेवारी पनि दिएको थियो। नेपालले पहिलोपटक सगरमाथाको उचाइ मापन गर्न खटाएको नापी विभागका चार सदस्यमध्येका एक हुनुहुन्छ नापी अधिकृत रबिन कार्की। कार्कीलगायतको समूहको चर्चा त्यतिबेला शुरु भयो जतिबेला उहाँहरूले सकुशल सगरमाथाको उचाइ मापन गरेको समाचार सार्वजनिक भयो। मङ्सिरमा सरकारले सगरमाथाको नयाँ उचाइ सार्वजनिक गरेसँगै उहाँहरूको चर्चा पनि बढेको हो। त्यसपछि उहाँहरूलाई बधाईको ओइरोका साथै उहाँहरूले आरोहणका समयमा गर्नुभएका अनुभवका कथाहरू पनि बाहिर आउन थाले।

जिल्लाको बागलुङ नगरपालिका-८ सिगानामा जन्मेका २८ वर्षीय रबिन कार्की नापी विभागको टोलीसँग सगरमाथाको मापन गर्ने सदस्यका रूपमा छनौट भएका एक सदस्य हुनुहुन्छ। उहाँहरूको समूहले सगरमाथा आरोहण गरी सगरमाथाको उचाइको तथ्याङ्क लिएर सफलतापूर्वक फर्क्यो। उहाँहरूको आरोहणका क्रममा सङ्कलन गरेको तथ्याङ्कका आधारमा सरकारले एक वर्ष छ महिनापछि सगरमाथाको नयाँ उचाइ सार्वजनिक गरेको थियो।

**उचाइ मापनमा सरकारलाई दुई उपलब्धि**

नेपालले पहिलो पटक आफ्नै प्राविधिकद्वारा सगरमाथाको उचाई मापन गर्नु नै पहिलो उपलब्धि मान्दै आएको थियो। उचाई मापन गर्नुपूर्व नेपाल सरकारले प्राविधिक समूहलाई विभिन्न देशमा पठाएर तालिम समेत दिएको थियो। सगरमाथाको उचाई नेपाल आफैले नाप्नु पहिलो उपलब्धि थियो भने सगरमाथाको उचाईमा थोरै मात्र भए पनि बृद्धि हुनु अर्को उपलब्धिका रूपमा रहँदै आएको छ। सगरमाथाको आरोहणसँगै उचाईको तथ्याङ्क सङ्कलनका लागि पुगेका नापी विभागका प्रमुख नापी अधिकृत खिमलाल गौतमको टोलीसँगै पुगेका रविन कार्कीले सगरमाथाको उचाई मापनले नेपालको शिर थप उच्च भएको बताउनुभयो। जीवनको अग्निपरीक्षा उत्तीर्ण गरेको स्मरण गर्दै कार्कीले सगरमाथा आरोहण र मापनको काम जतिधेरै जटिल भए पनि सगरमाथाको उचाई सार्वजनिक भएसँगै विर्सिएको बताउनुभयो। "आरोहण र मापनका क्रममा सगरमाथामा धेरै दुख, सङ्घर्ष तथा आफूलाई समेत मृत्युको मुखमा पुऱ्याएर काम गरेका थियौं, यो दुःख दुःखमात्रै हुन्छ कि भन्ने थियो" कार्कीले भन्नुभयो "तर अहिले सगरमाथाले नयाँ उचाई पाउँदा सबै दुःख खुशीमा परिणत भए, हामी निकै खुशी भयौँ।"

**यसरी सफल भयो सगरमाथाको उचाइ मापन**

इन्जिनीयर भइसकेपछि नापी अधिकृतका रूपमा नापी विभागमा कार्यरत रहँदा सगरमाथाको उचाइ मापनका लागि कार्कीले आवेदन गर्नुभयो। उहाँलाई त्यसबेला थाहा थिएन सगरमाथा आरोहण यति कठिन होला भनेर। कार्कीले भन्नुभयो, "सगरमाथा आरोहण र उचाइको महत्व सगरमाथा चढ्ने क्रममा मात्रै धेरै बुझ्ने मौका मिल्यो", कार्कीले भन्नुभयो, "एउटा राष्ट्रसेवकले जन्मभूमिप्रतिको माया र सद्भाव दर्शाउन पाएको क्षण हो यो।" पहिलोपटक सगरमाथाको उचाइ मापनका लागि छनोट भई सगरमाथा पुगेका कार्कीले आफ्नै मृत्यु देखेर आएको स्मरण गर्नुहुन्छ। "धेरै पटक मृत्युको जोखिममा पुगियो, सबैभन्दा ठूलो कुरा देशप्रतिको स्वाभिमान रहेछ, त्यही स्वाभिमानसहितको आत्मबलका कारण सफलता प्राप्त भएको छ।"

सगरमाथा मापनका लागि नापी विभागका मुख्य नापी अधिकृत खिमलाल गौतम, नापी अधिकृत रबिन कार्की, सर्भेक्षण सुरज सिं भण्डारी र अमिन युवराज धितालको समूह अन्तररीाष्ट्रिय पथप्रदर्शक (गाइड) छिरिङजङ्बु शेर्पा, गाईड छेवाङ शेर्पा, पेमङनिमा शेर्पा र लाक्पा थिङ्द्रुत शेर्पाको समूह २०७६ साल चैत २६ गते काठमाडौँबाट सगरमाथाका लागि प्रस्थान गरेको थियो।

यसमध्ये गौतम र कार्कीसहित गाइड शेर्पा र लाक्पा थिङ्द्रुत शेर्पा मापनका लागि सगरमाथाको चुचुरोमा सफलतापूर्वक पुग्नुभएको थियो। "काठमाडौँबाट जब प्रधानमन्त्री केपी शर्मा वली र तत्कालीन भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले बिदाइका क्रममा फूलको माला गलामा पहिराउनुभयो। त्यस क्षणमा देशको जिम्मेवारी बोकेर सगरमाथातर्फ हिडेँ", कार्कीले भन्नुभयो, "निकै गर्वको महसुस भएको थियो, जुनसुकै अवस्थामा पनि सफलता प्राप्त गर्ने सङ्कल्पका साथ काठमाडाँबाट हिँडेका थियौँ।" उहाँले सगरमाथाको आधार शिविर पुग्दा पाँच दिन ज्वरोले थला परेको र छैटौँ दिनमा बिरामी शरीरले उचाइ मापन सामग्री बोकेर हिम्मतका साथ पहिलो क्याम्पतर्फ लागेको सुनाउनुभयो। आधार शिविरमा उपचार गराएपछि कतै असफल हुने हो कि आशङ्का लागे पनि पछि भने स्वास्थ्यले साथ दिएको उहाँले सुनाउनुभयो।

सगरमाथा चढ्नुपूर्वका तालीमहरू स्मरण गर्दै नापी विभागका दुई सदस्य आधा शिविरमा छोडेर १ नम्बर क्याम्प हुँदै २ नम्बर क्याम्पतर्फ लागेको कार्कीले बताउनुभयो। आरोहण दलका दुई 'गाइड' छेवाङ शेर्पा, पेमङनिमा शेर्पाले स्वास्थ्य समस्याका कारण यात्रा स्थगन गरेको उहाँ बताउनुहुन्छ। ३ नम्बर क्याम्पमबाट अक्सिजनको प्रयोग आवश्यक थियो। "निकै उकालो पार गर्दै अगाडि बढ्ने क्रममा आँखै अगाडिबाट चट्टानका सानासाना टुक्रा हावाको वेगसँगै खस्दा टाउको जोगाउनै मुस्किल भएको र बाँचिन्छ होला भन्ने नै लागेको थिएन", कार्कीले भन्नुभयो, "तर मर्न नलेखेपछि जस्तो परिस्थितिमा पनि बाँचिदोरहेछ भन्ने लाग्यो।" निकै असहजबीच ४ नम्बर क्याम्पमा पुगेका हामी मौसम निकै खराबीका कारण एक दिन यात्रा स्थगन गरियो अक्सिजन धेरै खपत भयो। यात्राका क्रममा मरेका आरोहीहरूको लास देख्दा मनमा चिसो पस्थ्यो, केही शङ्का लाग्थ्यो एक छिनपछि हिम्मत पलाउँथ्यो उहाँले स्मरण गर्दै भन्नुभयो, "किनकि हामीले आरोहणमात्र हैन सगरमाथाको मापनसमेत गर्नुछ।" "क्याम्पमा सुत्ने बेलामा क्याम्प छेउमै लासका थुप्राहरू थिए, मनमा निकै डर लग्थ्यो सुत्न सकिएन", उहाँले भन्नुभयो।

यात्रामा एक दिन ढिला हुँदा अक्सिजनको खपत बढी हुने र यदि त्यसो भयो भने अक्सिजन नपुग्ने समस्या थियो। उहाँ भन्नुहुन्छ, "गौतम सरले एकपटक मलाई भन्नुभयो तिमी जवान छौ, अक्सिजनको अभाव हुन सक्नेछ म यहीँ बस्छु तिमी शिखरमा जाऊ। पछि हिम्मतका साथ गौतम सरसँगै चारजनाको टोली जेठ ७ गते १:४५ बजे सगरमाथातर्फ प्रस्थान गऱ्यौँ। बेलुका ८ बजे बालकोनीमा पुगेर अक्सिजन फेरेर पुनः उकालो लाग्यौँ। अनेक समस्यासँग जुध्दै बिहान ३ बजे सगरमाथामा पुग्न सफल भयौँ", कार्कीले स्मरण गर्नुभयो। संसारको अग्लो चुचुरोमा पुग्दा थाम्नै नसकिने गरी खुशीका आँसु बगेको उहाँले सम्झिनुभयो। चुचुरोमा पुगेका छिरिङ र लाक्पाको सहयोगमा गौतम सरले र मैले तथ्याङ्क जम्मा गरी दुई घण्टामा चुचुरोबाट तल झऱ्यौँ। त्यतिबेला थकानको कुनै महसुस नभएको उहाँको भनाइ छ।

**फर्किंदा झन् समस्या**

उहाँले सगरमाथाको चुचुरो चुमेर फर्किंदै गरेको अनुभव सुनाउँदै भन्नुभयो, "फर्कने क्रममा अक्सिजन सकिन लागेको महसुस भयो। बालकोनीसम्म आउन २०० मिटर बाँकी थियो एक्कासि बेहोस् भएछु, थाहै भएन। गाइड छिरिङले मलाई उद्धारका लागि डोरीमा बाँधिसक्नुभएको रहेछ। त्यसै क्रममा अपरिचित आरोहीले सहयोग गरेको एक सेट अक्सिजन सिलिण्डरको प्रयोगबाट बाँच्न सफल भएँ। यो दिन जेठ ८ गतेलाई मैले पुनर्जन्म भएको महसुस गरेँ। अपरिचिति आरोहीले दिएको एक सेट अक्सिजनका कारण जीवत हुन पाएँ अहिले सम्झदा निकै झसङ्ग हुन्छु।"

सगरमाथा आरोही र आफूहरूमा केही फरक रहेको उहाँको अनुभव छ। कार्की भन्नुहुन्छ, "उनीहरू खाना, पानी र अक्सिजनमात्र बोकेर सगरमाथा चढ्थे, हामी मापन गर्ने यन्त्रसँगै सगरमाथा पुग्यौँ।" सफल आरोहणपछि हेलिकप्टरमार्फत जेठ ९ गते काठमाडौँ आएको नापी विभागको टोलीलाई सबैले गरेको सम्मानले आफ्ना लागि हिम्मत हारे पनि देशका लागि हिम्मत जुटाएका कारण सफलता हासिल गरेको कार्कीले बताउनुभयो।

# कांग्रेसको नेतृत्वमा सरकार निर्माणको तयारी गरिएको छैन : देउवा

मोरङ, १० चैत (रासस)।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अहिले आफ्नो दलका नेतृत्वमा सरकार निर्माण गर्ने तयारी नगरिएको बताउनुभएको छ।

विराटनगर विमानस्थलमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले वर्तमान अवस्थामा सरकारमा सहभागी हुनका लागि पार्टीले मरिहत्ते नगरेको स्पष्ट गर्नुभयो।

सभापति देउवाले भन्नुभयो, "हाम्रो पार्टी प्रतिपक्षी भएकाले वर्तमान सरकारमा सहभागी हुँदैन, जनताले कांग्रेसलाई प्रतिपक्षको भूमिका निर्वाह गर्न आदेश दिएकाले सोहीअनुसार सशक्त भूमिका निर्वाह गर्ने छ।"

एक प्रश्नका जवाफमा पूर्वप्रधानमन्त्री देउवाले वर्तमान सरकार विरुद्ध आफ्नो दलले अविश्वास प्रस्ताव ल्याउने सम्बन्धमा आफूलाई थाहा नभएको बताउँदै अन्य दलले कहिले ल्याउने हो भन्नेबारे सम्बन्धित दलका नेतालाई नै सोध्न सल्लाह दिनुभयो। नेता देउवा सुनसरी, धरानको एक कार्यक्रममा सहभागी हुन यहाँ आउनुभएको हो।

# दुई लाख ५० हजार अनुमतिपत्र छाप्न बाँकी

काठमाडौँ, १० चैत (रासस)।

यातायात व्यवस्था विभागले झण्डै दुई लाख ५० हजार अनुमतिपत्र छाप्न बाँकी रहेको छ। अनुमतिपत्रका लागि लिइएको परीक्षा पास गरेका र नवीकरण गरेर उक्त सङ्ख्यामा अनुमतिपत्र छाप्नुपर्ने भएको हो।

देशभरका यातायात व्यवस्था कार्यालयबाट एकै पटक धेरै सङ्ख्यामा नयाँ अनुमतिपत्रका लागि आवेदन दिएकाले यो सङ्ख्या अहिले ह्वात्तै बढेको विभागका सूचना प्रविधि निर्देशक पवित्र डङ्गोलले बताउनुभयो। विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को नियन्त्रणका लागि सरकारले बन्दाबन्दी जारी गरेसँगै यातायात कार्यालयहरूले सेवा दिएका थिएनन्। गत असारमा कार्यालय खुले पनि बन्दाबन्दी पूरै नखुलेकाले त्यो समयमा धेरै सेवाग्राही कार्यालय जान सकेका थिएनन्।

सो अवधिमा नवीकरणका लागि केही समय थपिएको उहाँले बताउनुभयो। कार्यालयहरूले गत पुस २९ देखि नवीकरण पुनः सञ्चालन गरेपछि एकै पटक धेरै अनुमतिपत्र छाप्नुपर्ने भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ र नवीकरण छाप्नुपर्ने धेरै छ।"

विगत वर्षहरूमा धेरै सङ्ख्यामा अनुमतिपत्र छाप्न बाँकी भए पनि गत वर्ष विभागले बाँकी रहेका सबै अनुमतिपत्र छापिसकेको थियो। बन्दाबन्दीको अवधिमा एक दिनमा तीन चरण गरेर छपाइ गरिएको सूचना प्रविधि निर्देशक डङ्गोलले बताउनुभयो। विभागले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गरेदेखि अहिलेसम्म २० लाख १९ हजारभन्दा बढी छपाइ भइसकेको छ।

विभागले अहिले अनलाइन माध्यमबाट मात्रै फारम लिइरहेको उहाँले बताउनुभयो। सेवाग्राहीले जुनसुकै स्थान र समयमा फारम भर्न सक्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। गत पुसमा सेवा पुनः शुरु गर्दा विभागले निश्चित समयमा मात्रै फारम भर्न सक्ने व्यवस्था गरेको थियो। एकै पटक धेरैले अहिले भर्न खोज्दा समस्या आएपछि जुनसुकै समयमा खुल्ला गरिएको हो। उहाँले भन्नुभयो, "लामो समय रोकिएको सेवा एकै पटक खोल्दा पहिले पहिले चौबिस घण्टा हुँदा पनि समस्या थियो, अहिले त्यो हटिसकेको छ।"

नयाँ अनुमतिपत्रका लागि आवेदन दिने सेवाग्राहीमध्ये झण्डै ३० प्रतिशत पास हुने गरेको पाइएको छ। अहिले पनि साढे चार लाखले भरेकामा तीमध्ये आधाभन्दा कम मात्रै पास हुने अनुमान गरिएको छ। विभागमा छाप्नुपर्ने आवेदन बढिरहँदा छपाइ भने हुन सकिरहेको छैन। सरकारले १४ लाख कार्ड छपाइका लागि प्रक्रिया अघि बढाएको छ। त्यो आइनपुगेकाले अत्यावश्यक अनुमतिपत्र मात्रै छापिरहेको हो।

# नेकपा खारेजको फैसला पुनरवलोकनमा जाने माओवादीको तयारी

काठमाडौँ, १० चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले गत फागुन २३ गतेको सर्वोच्च अदालतको फैलासविरुद्ध पुनरवलोकनमा जाने तयारी थालेको छ। उक्त फैसलाको पुनरवलोकनका लागि मंगलबार माओवादीले कानून व्यवसायीसँग पारमर्श गरेको हो।

सर्वोच्च अदालतले नेकपा (एमाले) र माओवादी केन्द्र एकीकरण गरी बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता बदर गर्दै पूर्ववत् अवस्थामा फर्काउने निर्णय गरेको थियो। ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग नेकपाको नाम जुधेको भन्दै अदालतले पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी शर्मा ओलीले नेतृत्व गर्नुभएको नेकपा बदर गरी ती दुई दललाई एकीकरण पूर्वको अवस्थामा पुऱ्याइदिएको थियो। अदालतको फैसलाअनुसार दुवै दलले पूर्ववत् अवस्थामा आ-आफ्नो गतिविधि अगाडि बढाएका छन्।

माओवादी केन्द्रको संसदीय दलको कार्यालय सिंहदरबारमा भएको सो छलफलमा सहभागी कानून व्यवसायीले पनि सर्वोच्चले मागदाबीभन्दा बाहिर गएर फैसला गरेकाले पुनरवलोकनमा जान सकिने सुझाव दिएका सो पार्टीका प्रमुख सचेतक देवप्रसाद गुरुङले जानकारी दिनुभयो। फैसलाको पुनरवलोकनका लागि ६० दिनभित्र प्रक्रिया अगाडि बढाउनुपर्ने कानूनी व्यवस्था छ।

"पार्टी एकता बदर गर्ने सर्वोच्चको फैसला बेठीक छ भनेर पहिलेदेखि नै कानून व्यवसायीले भन्दै आएका थिए, यो फैसला न्यायिकभन्दा पनि राजनीतिक प्रकृतिको छ, मागदाबी नै नगरेको विषयमा फैसला गरिएको छ, त्यसकारणले छिटोभन्दा छिटो पुनरवलोकनमा जानुपर्छ भनेर कानून व्यवसायीको सुझाव रह्यो", उहाँले भन्नुभयो, "अब छिट्टै निर्णय गरेर पार्टी अगाडि बढ्छ।"

सर्वोच्च अदालतको फैसलाबाट जनप्रतिनिधिमूलक संस्था संसद् पुनःस्थापना भए पनि सरकारको पछिल्लो गतिविधि फेरि पनि संसद् विघटन गर्ने दिशातर्फ उन्मुख रहेको पनि माओवादीले निष्कर्ष निकालेको छ। सरकारले सदनलाई प्रभावकारीरूपमा अगाडि बढाउन आवश्यक 'बिजनेस' दिन नसकेको भन्दै माओवादीले असन्तुष्टिसमेत व्यक्त गरेको छ।

फेरि पनि संसद् भङ्ग गर्ने सङ्केत देखापरेको र त्यस्तो अवस्था आए के गर्ने भन्दै कानून व्यवसायीसँग परामर्शसमेत गरिएको सचेतक गुरुङले बताउनुभयो। "अहिलेको समसामयिक कानूनी जटिलता, संसद्मा देखापरेका असहजताका बारेमा नेताहरूले कानून व्यवसायीसँग परामर्श गर्नुभएको हो", उहाँले भन्नुभयो, "सरकारले संसद्लाई 'बिजनेस' दिन छाडेको छ, जसरी भए पनि फेरि संसद् भङ्ग गर्नेतर्फ सरकार अगाडि बढेको देखिन्छ। यस्तो अवस्थामा सदनलाई कसरी बचाउन सकिन्छ भन्ने विषयमा कानूनी परामर्श खोजिएको हो।"

मन्त्रिपरिषद्को बैठकको सिफारिसमा गत पुस ५ गते प्रतिनिधिसभा विघटन भएको थियो। गत फागुन ११ गते सर्वोच्च अदालतले संसद् भङ्ग गर्ने सरकारको उक्त कदम असंवैधानिक ठहर गर्दै प्रतिनिधिसभा पुनःस्थापित गराइदिएको थियो। छलफलमा राजधानीमा उपलब्ध स्थायी समितिका सदस्य र कानून व्यवसायीको सहभागिता थियो।

# अलिवकबाव सुलतानेट रेस्टुरेन्टमा सिटिजन्स बैंकका ग्राहकहरुले विशेष छुट पाउने



**दैनिक समाचारदाता**
**काठमाडौं, १० चैत।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र टंङ्गाल, काठमाडौंस्थित अलिवकबाव सुलतानेट रेस्टुरेन्ट बीच विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ।

मध्यपूर्वी भोजनको विशिष्ट स्वाद नेपालमै पस्कने उद्देश्यका साथ खुलेको अलिवकबाव सुलतानेटसँगको यो सहकार्य पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरु लाभान्वित हुने भएका छन्।

हालसम्म सिटिजन्स बैंकको कार्ड नभएका ग्राहकहरुलाई पनि तत्कालै नयाँ कार्ड उपलब्ध गराउन सिटिजन्स बैंकले इन्स्ट्यान्ट कार्डको पनि व्यवस्था गरेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १०९ वटा शाखा, ९८ वटा ए.टि.एम. र १०७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करिव ७ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै आफ्ना आदरणीय ग्राहक महानुभावहरुको वित्तीय आवश्यकताहरु डिजिटली च्यानलको माध्यमबाट प्रदान गरिरहेको छ।

यसलाई मूर्तरुप प्रदान गर्न बैंकले चेकको प्रयोग नगरी मोबाइल बैंकिङ्ग एपमा लग-ईन गरेर काउन्टरमा भएको क्यू आर कोड स्क्यान गरी खाताबाट रकम झिक्न क्अबल ७ ध्प्तजमचबध सेवा, मोबाइल बैंकिङ्गको पिन नं बिर्सेमा बैंकको शाखामा गएर निवेदन दिने झन्झट नगरी घरबाटै पिन रिसेट गर्न सकिने जस्ता सेवाहरुको थालनि गरेको छ।

यस प्रकारको सेवाबाट डिजिटल बैंकिङ्ग सभ्यताको विकासमा टेवापुग्ने विश्वास बैंकले लिएको छ। व्यवसायिक ज्ञानको कमि, वित्तीय बजारको यथार्थ जानकारी नहुनु, नीति, नियम र प्रणालीसंग परिचित नहुनु तथा व्यवसायिक तालिम र अभिमुखीकरणको अपर्याप्तता, उचित परामर्शको अभाव, वित्तीय साक्षरता र पहुँचको कमीले लगानी योग्य पुजी सदुपयोग हुन नसकेको परिस्थितिलाई न्युनिकरण गर्न यस बैंकले वित्तीय साक्षरता कार्यक्रमहरुका साथ साथै सुलभ र सहजतवरले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ।


## ब्लुबुक हराएको सूचना

सप्तरीको भारदहदेखी राजविराजसम्म आउँदै गरेको अवस्थामा २०७७ साल फागुन १ गते निम्न ब्यहोराको ब्लुबुक हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४७५२३१६ मा सम्पर्क गर्नुहोला।

**नाम : शैलेन्द्र कुमार मण्डल**
**ठेगाना : बथनाहा गाविस ५ (हाल महदेवा गाउँपालिका ६), सप्तरी**
**मोटरसाइकल नं. : स.८प. ९८५९**


## विश्व समाचार

### इजरायलमा दुई वर्षभित्र चौथो पटक संसद्को चुनाव

जेरुसलेम, १० चैत (रासस/एएफपी)।

इजरायलमा दुई वर्षभित्रको अवधिमा चौथो पटक संसद्को निर्वाचन मङ्गलबार शुरु भएको छ। संसद्मा कुनै पनि दलले बहुमत ल्याउन नसकेपछि चौथो पटक चुनाव हुन लागेको हो। प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको लिकुड पार्टी पुनःसत्तामा पुग्छ वा पुग्दैन भन्ने यस चुनावले निर्क्योल गर्नेछ। चुनावमा करिब ६५ लाख मतदाताले मतदान गर्नेछन्।

इजरायलको इतिहासमा राजनीतिक असमझदारीले लगातार चौथो पटक निर्वाचन हुन लागेको हो। पछिल्लो पटक संसद्मा कुनै दलले स्पष्ट बहुमत हासिल गर्न नसकेपछि मुख्य विपक्षीसँग मिलेर सत्ता साझेदारी गरे पनि गठबन्धन टुटेको थियो। इजरायलका प्रधानमन्त्री नेतन्याहूमाथि भ्रष्टाचारको आरोप लागे पनि उहाँले प्रधानमन्त्री र पार्टीको नेता पदबाट राजीनामा गर्नु भएको छैन। उहाँमाथिका मुद्दा हाल अदालतमा विचाराधीन अवस्थामा छन्। तर प्रधानमन्त्री नेतन्याहूले आफूले भ्रष्टाचारजन्य कार्य नगरेको दाबी गर्दै आउनु भएको छ। प्रधानमन्त्री नेतन्याहूले सत्ता छाड्नु पर्ने भन्दै केही दिनअघि प्रदर्शन पनि भएका थिए।

### अमेरिकाको कोलोराडोमा गोली हानेर १० जनाको हत्या

बाउल्डर, संयुक्तराज्य अमेरिका, १० चैत (रासस/एएफपी)।

अमेरिकी राज्य कोलोराडोमा सोमबार एउटा खाद्यान्नको सुपरमार्केटमा एक बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा कम्तीमा १० जनाको मृत्यु भएको छ। मारिनेमा एक जना प्रहरी पनि रहेका छन्। प्रहरीले अमेरिकी इतिहासमा भएका सामूहिक आमहत्याकै यो एउटा विभत्स हत्या शृंखला रहेको जनाएको छ। गोली चलाउने एक शंकास्पद व्यक्तिलाई प्रहरीले घाइते अवस्थामा गिरफ्तार गरेको छ। बाउल्डर काउन्टीका जिल्ला न्यायाधीवक्ता माइकल डाउहार्टीले घटनास्थल कोलोराडो राज्यको राजधानी डेन्भरबाट करिब ५० किलोमिटर उत्तरपश्चिममा रहेको जानकारी दिनुभयो। प्रहरी प्रमुख मरिस हेरोल्डले किङ सूपर्स नामको सुपरमार्केटमा गोली चलेको खबर पाउनासाथ घटनास्थल पुगेका ५१ वर्षीय प्रहरी एरिक टाल्लीको पनि गोली लागेर मृत्यु भएको जानकारी दिनुभयो।

लाइभस्ट्रिम गरिएको भिडियोमा एक जना श्वेत अधबैंसे व्यक्तिलाई प्रहरीले घटनास्थलबाट बाहिर निकालेको देखिएको थियो। राष्ट्रपति जो बाइडेनलाई उक्त घटनाका बारेमा जानकारी गराइएको ह्वाइट हाउसका प्रेस सचिव जेन साकीले बताउनु भएको छ। बाइडेनले गत महिना पनि बन्दुक राख्ने बारेमा सुविचारित निर्णय गर्न संसद् समक्ष आग्रह गर्नु भएको थियो। कोलोराडोका गभर्नर जारेड पोलिसले बाउल्डरमा यस्तो गोलीकाण्ड भएको सुन्दा आफूलाई निकै दुःख लागेको बताउनु भएको छ। सुपरमार्केटभित्र रहेका उक्त घटनाका प्रत्यक्षदर्शीले पछाडिको ढोकाबाट भाग्नुअघि धेरै पटक गोलीको आवाज सुनेको बताएका छन्। आठ पटक बन्दुकको गोलीको आवाज सुन्नु भएका रायन बोरोस्कीले आफू भाग्यले बाँचेको सिएनएनलाई प्रतिक्रिया दिनु भएको थियो।

दर्जनौं बख्तरबन्द गाडी, एम्बुलेन्स र शसस्त्र प्रहरी तत्कालै घटनास्थलमा पुगेका थिए। कोलोराडोमा अमेरिकी इतिहासमै निकै डरलाग्दा दुई वटा आमहत्याका घटना भइसकेका छन्। सन् १९९९ मा दुई जना युवाले आफूले आत्महत्या गर्नुअघि कोलम्बाइन उच्च माध्यमिक विद्यालयमा आक्रमण गरी विद्यार्थी र शिक्षक गरी १२ जनाको हत्या गरेका थिए। त्यसपछि सन् २०१२ मा एक जना भारी हातहतियार लिएका एक व्यक्तिले कोलोराडोको अरोरास्थित चलचित्र हलभित्र प्रवेश गरी गोली चलाएर १२ जनाको हत्या गरेका थिए।

### भारतमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्याको एक लाख ६० नाघयो

नयाँदिल्ली, १० चैत (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १९९ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ६० हजार १६६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार दिएको जानकारी दिएको छ। सोही अवधीमा यहाँ ४० हजार ७१५ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको सङ्ख्या एक करोड १६ लाख ८६ हजार ७९६ पुगेको मन्त्रालयले जानकारी दिएको छ। कूल सङ्क्रमितमध्ये तीन लाख ४५ हजार ६४६ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने कूल एक करोड ११ लाख ८१ हजार २५३ जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म चार करोड ८० लाखभन्दा बढीले खोप लगाइसकेका छन्। त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषदले जनाएको छ। परिषद्का अनुसार सोमबारसम्म भारतमा २३ करोड ५० लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। सोमबार एकै दिनमा १० लाख भन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ।

### हिमपहिरोमा परी दुईको मृत्यु

फैजाबाद, अफगानिस्तान, १० चैत (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्त बादाख्शानको शाकाई जिल्लामा मंगलबार गएको हिमपहिरोमा परी एउटै घरका दुई व्यक्तिको ज्यान जानुको साथै अन्य र दुईजना घाइते भएका प्रान्तीय परिषदका सदस्य मेहबुब रहमानले बताउनु भएको छ। यस हिमाली जिल्लाको पहाडी सांगिच गाउँमा मंगलबार बिहानको यस प्राकृतिक प्रकोपमा परी एक पिता र उनकै छोराको मृत्यु भएको छ। त्यसैगरी एकै परिवारका दुईजना घाइते भएका अधिकारी जनाएका छन्। अफगानिस्तानको बादाख्शान र छिमेकमा पर्ने तखार, कुन्दुज र बाघलान प्रान्तमा विगत दुई दिनदेखि वर्षा र हिउँ परेको दृश्य देखिएको समाचारमा जनाइएको छ।

# एक सय ३६ विदेशी निष्कासित

काठमाडौँ, १० चैत (रासस)।

पर्यटक प्रवेशाज्ञामा नेपाल प्रवेश गरेका करीब डेढ सय विदेशी नागरिकलाई निष्कासन गरिएको छ। अध्यागमन विभागको तथ्याङ्कानुसार चालु आर्थिक वर्ष २०७७/७८ को आठ महिनामा (गत साउनदेखि फागुन मसान्तसम्म) १३६ विदेशी नागरिकलाई निष्कासन गरिएको हो।

पर्यटक भिसामा नेपाल प्रवेश गरी विभिन्न गतिविधिमा संलग्न भएका विदेशी नागरिकलाई निष्कासन गरिएको अध्यागमन विभागका महानिर्देशक रमेश केसीले जानकारी दिनुभयो। उहाँका अनुसार कारवाहीस्वरुप निष्कासित हुनेमा ओभरस्टे, विदेशी मुद्रा अपचलन, बैंकिङ कसूर, लागुऔषधलगायत कसूरका धेरै रहेका छन्। विभागको तथ्याङ्कअनुसार पछिल्लो समय निष्कासनमा पर्नेमा चिनियाँ नागरिक धेरै छन्।

निष्कासित हुने विदेशी नागरिकलाई कसूरका आधारमा एक वर्षदेखि दश वर्षसम्म नेपाल प्रवेशमा रोक लगाइएको महानिर्देशक केसीले जानकारी दिनुभयो।

विभागको तथ्याङ्कअनुसार आठ महिनामा विभिन्न १३ शीर्षकमा ४२ हजारभन्दा बढी विदेशीलाई नेपाल प्रवेशका लागि भिसा जारी गरिएको छ। आठ महिनाको अवधिमा बीस हजार १५३ जनालाई पर्यटक भिसा जारी गरिएको छ जसमध्येमा फागुन महिनामा ६ हजारभन्दा बढीलाई उक्त भिसा जारी गरिएको हो।

आठ महिनामा १२ हजार २१७ विदेशीलाई थप पर्यटक भिसा, एक हजार ७०० लाई व्यावसायिक भिसा, ८८४ जनालाई वैवाहिक भिसा जारी गरिएको छ। यस्तै ७३९ अध्ययन भिसा, २५ आवासीय भिसा, दुई हजार ९९३ नाता भिसा, एक हजार ९१२ जनालाई कामदार भिसा र २७२ जनाालाई आश्रित भिसा जारी गरिएको छ। विभागले आठ महिनामा विभिन्न शीर्षकमा भिसा जारी गरेर रु ४२ करोड २६ लाख २९ हजार राजश्व सङ्कलन गरेको छ।

## मोबाइल पड्किँदा ...

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय दिपायलका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक मुकेशकुमार सिंहका अनुसार जिल्लाको मङ्गलसेन नगरपालिका १ की १५ वर्षीया सपना नाथको मोबाइल पड्किएर मृत्यु भएको हो।

मृतक नाथ स्थानीय कुन्ति माध्यमिक विद्यालय कक्षा ६ मा अध्यनरथ थिइन्। मोबाइल पड्किँदा गम्भीर घाइते भएकी नाथको जिल्ला अस्पताल अछाममा उपचारका क्रममा मंगलबार मृत्यु भएको प्रहरीले जनाएको छ।

# मेयरकप सप्तरी प्रिमियर लिग
# बजाज खडक वारियर्स र रुपनी राईडर्स विजयी

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत।**

राजविराजमा जारि मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गतको मंगलबार सम्पन्न खेलमा रुपनी राईडर्स र बजाज खडक वारियर्स बिजयी भएका छन्।

राजविराजस्थित राजरंगशालामा सम्पन्न पहिलो खेलमा रुपनी राईडर्सले तिलाठी कोईलाडी जायन्टसलाई १५ रनले पराजित गरेको छ।

रुपनी राईडर्सले दिएको १ सय ५४ रनको लक्ष्य पछ्याउने क्रममा तिलाठी कोईलाडी जायन्टसले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय ३८ रनमा सीमित भएको थियो।

लक्ष्य पछ्याउने क्रममा तिलाठी कोईलाडीको लागि कप्तान दिपेन्द्र सिंह ऐरीले सर्वाधिक ४९ रन, सन्तोष कार्कीले ३७ रन तथा दिपेश कंडेलले २८ रनको योगदान दिएका थिए।

बलिङतर्फ रुपनी राईडर्सका अनिल यादव र सुमित झाले २/२ विकेट लिए भने सुनिल धमला, फिर्दोश अन्सारी र कुशल भुर्तेलले १/१ विकेट लिए।

यस अघि टस जितेर ब्याटिंग गरेको रुपनी राईडर्सले २० ओभरमा ७ विकेट क्षतीमा १ सय ५३ रन बनाएको थियो। रुपनीका लागि अमित यादवले सर्वाधिक ४६ रन बनाए भने सुनिल धमलाले ३२, लोकेश बमले २२ रन, फिर्दोश अन्सारीले २० तथा निरज मुखियाले १७ रन बनाए।



बलिङमा तिलाठी कोईलाडीका दिपेश कंडेलले सर्वाधिक ३ विकेट, राशिद खान र आदील अन्सारीले १/१ विकेट लिएका थिए। सो खेलमा प्लेयर अफ द म्याच रुपनी राईडर्सका सुनिल धमला घोषित भए।

त्यस्तै मंगलबारै सम्पन्न दोश्रो खेलमा बजाज खडक वारियर्सले बोदे बरसाईन थन्डर्सलाई ४१ रनले पराजित गर्दै जित हासिल गरेको छ।

बजाज खडक वारियर्सले दिएको १ सय ८७ रनको लक्ष्य पछ्याउने क्रममा बोदे बरसाईन थन्डर्सले २० ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय ४५ रन मात्र बनाउन सफल भयो। जसमा कप्तान सिद्धान्त लोहनीले सर्वाधिक २९ रन, अविनाश कर्णले १९ रन, योगेन्द्र सिंह कार्कीले १७ रन, सकिम आलम र बिशाल सुश्लिंगले १४/१४ रन तथा बसन्त रेग्मीले १३ रन बनाएका थिए।

बलिंङमा बजाज खडकका अनिल खरेलले सर्वाधिक ४ विकेट, भुलावन सहानीले ३ विकेट तथा पप्पु यादव र पवन सर्राफले १/१ विकेट लिए।

यस अघि टस जितेर ब्याटिङ रोजेको बजाज खडक वारियर्सले २० ओभरमा ३ विकेट क्षतीमा १ सय ८६ रन बनाएको थियो। जसमा अनिल शाहले प्रतियोगिताकै पहिलो शतक बनाउन सफल भए। उनले अविजित १०० रन बनाए। त्यस्तै विवेक यादवले ३०, प्रशान्त राईले २७ तथा पवन सर्राफले अविजित २२ रनको योगदान दिए।

बलिङमा बोदे बरसाईन थन्डर्सका बसन्त रेग्मीले सर्वाधिक २ विकेट, पप्पु यादवले १ विकेट लिएका थिए। सो खेलको प्लेयर अफ द म्याच अनिल शाह घोषित भए।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → iPay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np